**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको**
**ATM Counter संचालन गर्ने सम्बन्धी शिलवन्दी वोलपत्र आव्हानको सूचना**
**सूचना नं.०९/०७६/७७**
**(सूचना प्रकाशित मिति २०७६।०७।२४)**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको नयाँ आन्तरिक टर्मिनल एनेक्स भवनको बाहिर पट्टि २.००४ बर्ग मिटर क्षेत्रफलमा ATM Counter मार्फत ATM सेवा संचालन गर्नको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले नेपाल राष्ट्र बैंकबाट सो सम्वन्धी कारोवार गर्न इजाजत प्राप्त गरेका इच्छुक 'क' वर्गको बैंकहरुले निम्न शर्तहरुको अधिनमा रही वोलपत्र फाराम पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:-

१. यो सूचना प्रकाशित भएको मिति देखी १५ (पन्ध्र) दिन भित्र राष्ट्रिय वाणिज्य वैक गौचर शाखामा रहेको यस कार्यालयको हि.न. १६९०००००११०६ मा ATM सेवा संचालनको लागि रु.१०००।- (एक हजार मात्र) र सो रकममा लाग्ने मू.अ.कर समेत जम्मा गरी (पछी फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice), नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, ATM सेवा संचालनको लागि नेपाल राष्ट्र बैंकवाट 'क' वर्गको स्वीकृती प्राप्त प्रमाण पत्र, विदेशी विनिमयको कारोवार गर्न प्राप्त इजाजत पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२. वोलपत्रसाथ रजिस्टर्ड फर्म वा कम्पनीको फर्म दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्वन्धीत निकायवाट व्यवसाय संचालन गर्न प्राप्त इजाजत पत्र, VAT/PAN दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपी, व्यवसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्वन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र, बैंकिङ्ग सेवा संचालनको लागि नेपाल राष्ट्र बैंकवाट 'क' वर्गको स्वीकृती प्राप्त प्रमाण पत्र, विदेशी विनिमयको कारोवार गर्न प्राप्त इजाजत पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि ३ (तीन) बर्षको हुनेछ । ATM को लागि ३ बर्ष अवधिको न्युनतम ठेक रकम रु.९,५६,७६०।- (नौ लाख छपन्न हजार सात सय साठ्ठी रुपैयाँ) कायम गरिएको छ । साथै दोस्रो बर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको बर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकको मूल्य बृद्धि सूचकाङ्ग अनुसार थप गरी कायम हुन आउने वहाल रकम बुझाउनु पर्नेछ ।

४. यस कार्यालयलाई तिर्न वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति संचालक भएको फर्म/कम्पनीले सो वक्यौता फछ्र्यौट गरेको कागजात बोलपत्र डकुमेण्ट्स खरिद गर्नु पूर्व पेश गर्नु पर्नेछ ।

५. वोलपत्रसाथ आफूले कवोल गरेको वहाल रकमको ५% ले हुने रकम यस कार्यालयको रा.वा.वैंक गौचर शाखामा रहेको धरौटी हि.नं १६९००००१००६ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल सरकारवाट मान्यता प्राप्त 'क' बर्गको बाणिज्य वैकवाट जारी भएको शिलवन्दी बोलपत्र खोल्ने मितिले कम्तिमा १८० दिन मान्य अवधि भएको वैङ्क ग्यारेन्टी (Bid Bond) वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखी १५ (पन्ध्र) औं दिन कार्यालय समय भित्र खरिद गरी १६ (सोह्रौ) औं दिन १२:०० वजे सम्म यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरी सक्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) औं दिन २:०० बजे सम्वन्धीत बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो दिन वोलपत्रदाताको तर्फवाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिने छ ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम वाहिर कुन विषयको वोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट गरी, नबुझीने गरी भरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

९ रित नपुगी वा म्याद नाघि वा शर्त राखि वा तोकिएको कागजात पेश नभई आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. वोलपत्रका अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको Website: www.tiairport.com.np मा समेत उपलव्ध हुनेछ ।

१३. यसमा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०६७ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिने छ ।